मिति:२०८०।१२।०२ गते शुक्रबार

निर्णयहरु

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा | मिति २०८०।११।१८ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएको बिषयहरू:<br>१. निर्णयहरू ३० % कार्यान्वयन भएको र बाँकी ७०% कार्यान्वयन हुन बाँकी रहेको। |
| २ | अन्तरधार्मिक शान्तिपार्क सम्बन्धमा। | अन्तर धार्मिक शान्ति पार्कको ठेक्का सम्बन्धमा आवश्यक छलफल गर्दा नगरपालिकाको आ.व. २०८०।०८१ को ठेक्का नं. LM/MOR/NCB/W/02/080-81, (Construction of interreligious peace Monuments) अन्तरधार्मिक शान्ति पार्क निर्माण गर्न सूचना प्रकाशन भै तोकिएको समयमा बोलपत्र पेश गर्ने बोलपत्रदाताहरूको बोलपत्रको प्राविधिक पक्षको मूल्याङ्कनमा उत्तीर्ण बोलपत्रदाताहरू मध्ये हिमालयन पिहु एण्ड राज जेभीले पेश गरेको निर्माण कार्यको लागि आवश्यक कार्य अनुभव (Work experience ) को प्रमाण पत्र नक्कली भएको भन्ने मौखिक सूचनाका आधारमा उक्त प्रमाणपत्रको सक्कल प्रति सम्बन्धित बोलपत्रदाता जेभी सँग र कार्य अनुभवसँग सम्बन्धित कम्पनी हिमालयन इन्फ्रास्टक्चरसँग फोन, ईमेल र पत्राचार गर्दा समेत तोकिएको समयमा सम्बन्धित कुनै कागजात पेश नगरेको र कार्य अनुभवसँग सम्बन्धित होटेल उड एप्पल एण्ड स्पा कम्पनी सँग समेत होटेल निर्माण सम्बन्धी खुलाई पठाउन पत्रचार गर्दा होटेल निर्माण उक्त कम्पनिले गरेको नभै स्मार्ट विल्डर्सले गरेको भनि इमेल मार्फत प्रष्ट्याएको तथा स्मर्ट विल्डर्ससँग बुझ्दा समेत होटेल निर्माण आफैले गरेको हिमालयन इन्फ्रास्टक्चरले नगरेको जानकारी आएकोले पेश भएको कागजात सक्कल भएको प्रमाणित भएन, अत: आर्थिक प्रस्तावको मुचुल्काको आधारमा सबै भन्दा कम अङ्क कबोल गर्ने उक्त हिमालयन पिहु एण्ड राज जेभी यस कार्यालयले राखेको आवश्यक अनुभव प्राप्त नभएकोले प्राविधिक मूल्याङ्कनमा अनुतीर्ण हुनुपर्नेमा यस सम्बन्धी तथ्य बङ्ग्याई वा झुक्याई सार्वजनिक निकायलाई भ्रममा परी निर्णयमा प्रभाव पर्ने प्रयास गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन अनुसार **सार्वजनिक खरिद अनुगमन कार्यालयमा** गरिएको सिफारिस र माग गरिएको **राय परामर्श सम्बन्धमा निर्णय नभैसकेको अवस्थामा** लेटाङ नगरपालिकाले **बार्षिक नीति तथा कार्यक्रममा रूपान्तरणकारी योजनाको** रूपमा रहेको उक्त परियोजना **अगाडी नबढाउदा नगरपालिकाको बार्षिक बजेट** कार्यान्वयनमा बाधा परी **नगरले लिएको सोच एवम् नीतिहरू समयमा हासिल** गर्न कठिनाई हुने तथा प्रक्रियाको **क्रममा आएका व्यवधानका कारण पछि आर्थिक** |

| | | |
|---|---|---|
| | | दायित्व समेत थप हुन सक्ने भएकोले, अन्तरधार्मिक शान्ति पार्क निर्माण आयोजना कार्यान्वयन गर्न उक्त हिमालयन पिहु एण्ड जेभीले यस ठेक्काको लागि राखेको प्राइम कमर्सियल बैंकको जमानत जफत गर्ने र सोको प्रमाण, Hotel wood apple and spa company ले पठाएको ईमेल सहित सार्वजनिक खरिद ऐनको प्रावधान अनुसार कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पुन लेखी पठाउने र बाँकी खरिद प्रक्रिया प्राविधिक पक्षको मूल्याङ्कनमा उत्तीर्ण बोलपत्रदाताहरूको बोलपत्रको मान्य अवधी रहेका र थप गरी पेश गरेका बोलपत्रको आर्थिक पक्षको मूल्याङ्कन गरी अन्तरधार्मिक शान्ति पार्कको निर्माण सम्बन्धी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। |
| ३ | जग्गा माग गर्ने सम्बन्धमा। | लेटाङ नगरपालिकामा सार्वजनिक सेवा प्रवाह गर्नका लागि हाल भईरहेको नगरपालिकाको कार्यालय कानेपोखरी लेटाङ चौबिसे गा.पा को ६ नम्बर बुधबारे जाने मुल सडक र बजारको बिचभागमा रहेका कारण दुर्घटनाको उच्च जोखिम रहनुका साथै सेवा ग्राहिहरूको उच्च चाप रहेका कारण हाल रहेको प्रशासनीक भवन साँगुरो भई सेवा प्रवाहमा कठिनाई भइरहेको (हाल रहेको प्रशासनीक भवनको क्षेत्रफल २ कठ्ठा १० धुर मात्र रहेको) कुरालाई दृष्टिगत गरी लेटाङ नगरपालिकाको प्रशासनीक भवनलाई लेटाङ बजार सिरान का.ले.बु.दु.ली सडकको पश्चिम लेटाङ खानेपानी कार्यालय देखि उत्तर तर्फको अतिक्रमणको उच्च जोखिममा रहेको शार्वजनिक १८ बिघा जमिन मध्ये २२ कठ्ठा जमिन नगर प्रशासनीक भवन निर्माणका लागि डि.पि.आर समेत तयार भईसकेको हुँदा उल्लेखित १८ बिघा मध्ये २२ कठ्ठा जग्गा लेटाङ नगरपालिकालाई भोगाधिकार उपलब्धतका लागि श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सँग माग गर्ने। साथै हाल लेटाङमा रहेको इलाका प्रहरी कार्यालय अत्यन्तै साँघुरो स्थानमा रहेको, मदन भण्डारी मार्ग निर्माणका क्रममा सडकले क्षति गर्ने अवस्थामा रहेको कारण सुरक्षाकर्मीहरू रहने स्थान कार्यालय,ब्यारेक, भान्साघर लगायतका संरचनाका लागि स्थान अपर्याप्तका कारणले समस्या भईरहेको हुँदा माथी उल्लेखित १८ बिघा जमिन मध्ये ८ कठ्ठा जमिन इलाका प्रहरी कार्यालय लेटाङको कार्यालय लगायतका कार्यालयलाई आवश्यक पर्ने भौतिक संमरचना निर्माण गर्न भोगाधिकार उपलब्धतका लागि श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सँग माग गर्ने। |
| ४ | घेराबारा सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ५ मा पर्ने श्री पूर्वि पृतना तालिम शिक्षालयको दक्षिण तर्फ अवस्थित सार्वनिक प्रकृतिको **जग्गा अतिक्रमणको उच्च जोखिम रहेकोले** उक्त क्षेत्रमा संरक्षण गर्नका लागि **हाल अन्तरसांस्कृतिक संग्राहलय निर्माण शिर्षकमा** बिनियोजन भएको बजेटले उक्त **क्षेत्रमा घेराबारा गर्ने।** |
| ५ | बजेट बिनियोजन। | १.निर्मित पैनिहरुको स्तरउन्नती **बजेट शिर्षक बाट पैनिहरू स्तरउन्नती गर्नका लागि** देहायको बजेट बिनियोजन गरियो। |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं</th><th>शिर्षक</th><th>बिनियोजन रकम</th></tr>
<tr><td>१</td><td>८</td><td>तेलि गडामे पैनी जल उपभोक्ता समूह</td><td>५०००००</td></tr>
<tr><td>२</td><td>५</td><td>मझुवा सिचाई पैंनी समिति</td><td>४५००००</td></tr>
<tr><td>३</td><td>६</td><td>भुवा ग्रामिण बिकास संस्था</td><td>५०००००</td></tr>
</table>
२.चुरे क्षेत्रको खानेपानी मुहान संरक्षण शिर्षकबाट देहायको बजेट बिनियोजन गरियो।
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं</th><th>शिर्षक</th><th>बिनियोजन रकम</th></tr>
<tr><td>१</td><td>१</td><td>गैरि गाँउ खानेपानी मुहान संरक्षण</td><td>२०००००/-</td></tr>
</table>
३.खेलमैदान स्तरउनन्ती शिर्षकबाट बजेट बिनियोजन
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं</th><th>शिर्षक</th><th>बिनियोजन रकम</th></tr>
<tr><td>१</td><td>९</td><td>मदन भण्डारी खेलमैदान निर्माण</td><td>१५००००/-</td></tr>
<tr><td>२</td><td>१</td><td>लाख खेलमैदान स्तरउन्नी</td><td>५००००/-</td></tr>
<tr><td>३</td><td>५</td><td>त्रिवेणि सामुदायिक वन अन्तर्गत क्रिकेट खेलमैदान निर्माण</td><td>१,००,०००/-</td></tr>
<tr><td>४</td><td>४</td><td>लेटाङ नगर भलिबल क्लबको खेलमैदान स्तरउन्नती</td><td>५००००/-</td></tr>
<tr><td>५</td><td>२</td><td>किराँत चोक खेलमैदान स्तरउन्नती</td><td>५००००/-</td></tr>
<tr><td>६</td><td>१</td><td>कात्तिके भलिबल खेलमैदान स्तरउन्नती</td><td>५००००/-</td></tr>
</table>
४.अन्य सार्वजनिक निर्माण खर्च शिर्षकबाट बजेट बिनियोजन
<table>
<tr><th>क्र.सं.</th><th>वडा नं</th><th>शिर्षक</th><th>बिनियोजन रकम</th></tr>
<tr><td>१</td><td>१</td><td>सागमा खलकुद मैदानमा शौचालय निर्माण</td><td>२०००००/-</td></tr>
</table>
५.वडा नं २ को वडा कार्यालय जाने सडक निर्माणका लागि वडाबाट बिनियोजन भएको बजेट अपुग रहेको भनी वडा कार्यलयबाट बजेट माग भई आएकाले उक्त सडक निर्माणका लागि रू२९८०००/- बजेट थप बिनियोजन गर्ने।(श्रोत: अन्य सडक मर्मत संभार खर्च शिर्षकबाट)<br>
६.राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता संञ्चालनका लागि मोरङ जिल्ला खेलकुद बिकास समितिलाई रू५०००० बजेट बिनियोजन गर्ने।(श्रोत: खेलकुद प्रतियोगिता संञ्चालन)<br>
७.स्थानीय तह कर्मचारी संघ, नेपाल कोशी प्रदेशको प्रथम अधिवेशन २०८० चैत्र ३ गते इटहरीमा हुन गईरहेको भनी कार्यक्रम संञ्चालनका लागि आर्थिक सहयोग माग भई आएकाले उक्त कार्यक्रम सञ्चालनका लागि रू२५०००/- प्रदान गर्ने।(श्रोत: अन्य सामाजिक सहायता)
</td></tr>
<tr><td>६</td><td>रकमान्तर सम्बन्धमा।(नगरसभा</td><td>१.लेटाङ नगरपालिका वडा नं-५ को वडा कार्यालय जाने बाटो मानविर मार्ग सडकमा एजिङ वाल, कल्भर्ट, पैनी निर्माण साथै सडक स्तरउन्नती गर्नका लागि</td></tr>
</table>

| | | |
|---|---|---|
| | बाट अनुमोदन हुने गरी। | अति आवश्यक भएकाले उक्त कार्यका लागि रू१३०००००(तेह्र लाख) बजेट ५२६ नं वडा कार्यालय भवन निर्माण शिर्षकबाट रकमान्तर गर्ने।<br>२.लेटाङ नगरपालिका वडा नं २ को आ.व.८०।८१ को स्विकृत कार्यक्रम टोल बिकास संस्थाको क्षमता अभिवृद्धि कार्यक्रम रू१०००००/- र सार्वजनिक सुनुवाई कार्यक्रमबाट रू५०००० गरी जम्मा १५०००० वडा नं २ को वडा कार्यालय परिसर व्यवस्थापनमा रकमान्तर गर्ने।<br>३.लेटाङ नगरपालिका वडा नं २ को स्विकृत कार्यक्रम मुक्तिचोक मदन मार्ग एजिङ्ग कार्य शिर्षकको रकम रू७००००० बिनियोजन भएकोमा उक्त बजेट वडा कार्यालय जाने सडक निर्माण शिर्षकमा रकमान्तर गर्ने। |
| ७ | गरिबसँग मेयर कार्यक्रम सम्बन्धमा। | १.लेटाङ नगरपालिका वडा नं.-१ मलिबासे खोलाघारी टोलका स्थानीय उपभोक्ताहरूसँग हालसम्म खानेपानी व्यवस्थापन हुन नसकी समस्या देखिएकाले उक्त क्षेत्रमा गरिबसँग मेयर कार्यक्रमकबाट ३००० लिटरको खानेपानी ड्रम खरिद गरि दिनका लागि रू३६०००/- बिनियोजन गर्ने।<br>२.अति बिपन्न परिवार अन्तर्गत रहेका लेटाङ-८ को श्री नरसिङ बहादुर राईलाई ३ बण्डल र लेटाङ ९ मा बस्ने श्री अलन भुजेललाई ३ बण्डल गरी जम्मा ६ बण्डल जस्तापाता खरिद गरि बितरण गर्ने।<br>३.लेटाङ नगरपालिका वडा नं ८ भूपू टोलमा जाँते महिला कृषक समूहका महिलाहरूले अर्गानिक माटोको बिषादी बनाउने कार्य गर्नका लागि २०० लि. जाने २० वटा ड्रम आवश्यक भएको भनी माग भएकाले उक्त ड्रम खरिद गरि हस्तान्तरण गर्न रू ४००००/- बिनियोजना गर्ने।<br>४.लेटाङ नगरपालिका वडा नं ३ मा स्थित माझी टोल विकास संस्था तथा वडा कार्यालयको सिफारिस बमोजिम श्री रितिका माझीको आर्थिक अवस्था कमोजोर भई शौचालय निर्माण गर्न बिभिन्न निकाय सँग आर्थिक सहयोग माग गरी निर्माण कार्य गरिरहेकोमा शौचालय निर्माणका लागि रकम अपुग भएकाले शौचालय निर्माणका लागि रू१७००० प्रदान गर्ने। |
| ८ | जस्तापाता वितरण सम्बन्धमा। | आ.व.२०८०।८१ मा बिद्यालयहरूमा जस्तापाता खरिद गरी वितरण गर्ने कार्यक्रम अन्तर्गत देहायको बिद्यालयहरूलाई देहायको परिणाममा जस्तापाता वितरण गर्ने । |

| क्र.सं. | बिद्यालयको नाम | जस्तापाता संख्या |
|---|---|---|
| १ | श्री सरस्वती प्रा.वि. लेटाङ – ७ | १२ बण्डल |
| २ | श्री सरस्वती प्रा.वि. लेटाङ – ८ | ६ बण्डल |
| ३ | श्री कुइकुण्डा प्रा.बि. लेटाङ – १ | १९ बण्डल |
| ४ | श्री वालविकास आ.वि. लेटाङ–१ | १४ बण्डल |
| ५ | श्री जाँते मा.बि. लेटाङ – ८ | ३० बण्डल |

<table>
<tr>
<td>९</td>
<td>म्याद थप सम्बन्धमा।</td>
<td>लेटाङ नगरपालिकाको देहायको विवरण भएको ठेक्काहरूको म्याद थपगर्न आवश्यक भएकाले अन्तिम पटकका लागि पुर्वनिर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th>क्र.सं.</th><th>ठेक्का नंम्बर</th><th>ठेक्काको विवरण</th><th>म्याद थप भएको अवधी</th><th>म्याद थप गर्नुपर्ने कारण</th></tr>
<tr><td>१</td><td>LM/MOR/NCB/17/O77/78</td><td>राजारानी ताल सौन्दर्यकरण</td><td>२०८०।०१।३१</td><td>निर्माण सामाग्रीको अभाव</td></tr>
<tr><td>२</td><td>LM/MOR/NCB/W/07/2079-80</td><td>समला खानेपानी योजना</td><td>२०८०।१२।३०</td><td>पाइप फुटेर मर्मत गर्नुपरेको कारण</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१०</td>
<td>प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी।</td>
<td>१.लेटाङ नगरपलालिका वडा नं ७ मा १४औ नगरसभाबाट स्विकृत योजना वडा कार्यालय भवन मर्मत संभार तथा रंगरोगन कार्य प्रधानमन्त्री रोजगार कार्यक्रम सँग साझेदारीमा गर्ने।</td>
</tr>
<tr>
<td>११</td>
<td>छात्रावृती सम्बन्धमा।</td>
<td>लेटाङ नगरपालिका आर्थिक सहायता कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम देहायको विद्यार्थीहरूलाई शैक्षिक छात्रावृती प्रदान गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th colspan="5">खर्चको श्रोतः वडा नं ४ को गरिब तथा जेहेन्दार बिद्यार्थी छात्रावृत्ती शिर्षकबाट</th></tr>
<tr><th>क्र.सं</th><th>नाम थर</th><th>ठेगाना</th><th>रकम</th><th>भुक्तानी पाउने</th></tr>
<tr><td>१</td><td>निरूता तामाङ</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>२</td><td>रोशन हिङमाङ</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>३</td><td>रोजिना लिम्बु</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>४</td><td>रिता खतिवडा</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>५</td><td>रजिना राई</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>६</td><td>मनमाया राई</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>७</td><td>अनिता राई</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>८</td><td>वन्दना बि.क</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
<tr><td>९</td><td>रूद्रमणि सुबेदी</td><td>लेटाङ-४</td><td>५०००/-</td><td>लेटाङ क्याम्पस</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>१२</td>
<td>प्राथमिकता क्रम परिवर्तन सम्बन्धमा।(सभाबाट अनुमोदन हुने गरी)</td>
<td>लेटाङ नगरपालिकाको आ.व.२०८०।८१ को कृषि र स्वास्थ्य जस्तो महत्वपूर्ण क्षेत्रमा बजेट निर्माण गर्ने क्रममा प्रथामिकता २ मा परेको कार्यक्रम सञ्चालनका लागि अति आवश्यक परेकाले देहायको योजनाको प्राथमिकता परिवर्तन गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>रकम</th><th>शाखा</th></tr>
<tr><td>१</td><td>५०% अनुदानमा वर्षे तरकारीको बिउ</td><td>३०००००</td><td>कृषि</td></tr>
<tr><td>२</td><td>५०%अनुदानमा बर्षे धानको विउ वितरण</td><td>२०००००</td><td>कृषि</td></tr>
<tr><td>३</td><td>समुदायमा आधारित नसर्ने रोगको एकिकृत व्यवस्थापन निरन्तरता तथा मे मापन महिना मनाउने</td><td>१५००००</td><td>स्वास्थ्य</td></tr>
</table>
</td>
</tr>
</table>

| | | |
|---|---|---|
| १३ | सिफारिस सम्बन्धमा। | लेटाङ नगरपालका वडा नं २ मा अवस्थित श्री लक्ष्मी माध्यमिक बिद्यालयका भवनहरू अत्यन्त जिण रहेको साथै उक्त बिद्यालयमा अध्ययनरत रहेका बिद्यार्थि संख्या ८०० रहेको हुँदा बिद्यमान भौतिक संम्रचनामा पटन पाठन गराउन समस्या भएका कारण उक्त बिद्यालयको भवन निर्माण कार्यमा भारत नेपाल मैत्री परियोजना कार्यक्रम अन्तर्गत भारतिय राजदुतावास सँग बिद्यालय भवन निर्माणका लागि सिफारिस गर्ने। |